
# इरानका वरिष्ठ कमान्डर मारिएको इजरायली दाबी

■ एजेन्सी

जेरुसेलम । इजरायलले शनिबारको आक्रमणमा इरानका एक वरिष्ठ कमान्डर मारिएको दाबी गरेको छ । इजरायका रक्षामन्त्री इजरायल काट्जले शनिबार इरानी सहर कोममा रहेको एक आवासीय भवनमा आइडिएफले गरेको हमलामा इरानको शक्तिशाली कुड्स फोर्सका सदस्य सइद इजादी मारिएको दाबी गरेका हुन् ।

कुड्स फोर्स इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) को एक शाखा हो । इजादी मारिएको दाबीमा आइआरजिसीले भने कुनै प्रतिक्रिया दिएको छैन । इजरायलका रक्षामन्त्री काट्जले भने सइद इजादीले ७ अक्टोबर २०२३ मा इजरायलमा हमासको आक्रमणलाई आर्थिक सहयोग गरेको आरोप लगाएका छन् ।




उनले भने, 'यो इजरायली गुप्तचर विभाग र वायुसेनाका लागि ठुलो उपलब्धि हो । हत्या गरिएका मानिस र बन्धकका लागि न्याय हो । इजरायलको लामो हात आफ्ना सबै शत्रुसम्म पुग्छ ।'

यसैबीच, इरानले आफूमाथि भएको आक्रमण नरोकिएसम्म आणविक वार्ता नहुने बताएको छ । इजरायलका विदेश मन्त्री इजायल जमिरले शुक्रबार दुवै तर्फबाट आक्रमण भइरहेको समयमा सो प्रस्ताव राखेका हुन् । उनको प्रस्तावलाई इरानी समकक्षीले अस्वीकार गरे ।

इरानी विदेश मन्त्री मोहम्मद अब्बासीले जेनेभामा युरोपेली नेतासँगको भेटमा अमेरिकाले आरोप लगाएको जस्तो आणविक हतियार निर्माणको तयारी नभएको बताए । अराग्चीले एकपटक इजरायलको आक्रमण रोकिएपछि मात्र वार्ता हुने बताएका हुन् । संयुक्त राष्ट्र संघका लागि इजरायली दूतले पनि अन्तिम निसाना पूरा नभएसम्म आक्रमण नछाड्ने बताएका छन् ।

अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि इरानलाई २ साताको मौका दिएका छन् ।

# ३ महिनापछि हिरासतमुक्त भए कोलम्बिया विश्वविद्यालयका विद्यार्थी



■ एजेन्सी

वासिंगटन । कोलम्बिया विश्वविद्यालयका विद्यार्थी तथा अभियन्ता महमूद खलील ३ महिनाभन्दा बढी समय हिरासतमा बसेपछि जमानतमा रिहा भएका छन् । आफ्नो रिहाइपछि उनले ट्रम्प प्रशासनले विद्यार्थी प्रदर्शनकारीहरुविरुद्ध कारबाही गर्दा 'गलत व्यक्तिलाई निशाना बनाएको' बताए ।

शुक्रबार, एक संघीय न्यायाधीशले खलीलले भाग्ने प्रयास नगर्ने र आफ्नो समुदायलाई कुनै खतरा नबनाउने फैसला सुनाउँदै उनलाई हिरासतबाट रिहा गर्न सकिने बताएका थिए । यद्यपि, उनीविरुद्ध अध्यागमन कारबाही अझै जारी छ ।

गत वर्ष कोलम्बिया विश्वविद्यालयमा प्यालेस्टिनीहरूको समर्थनमा भएको विरोध प्रदर्शनमा महमूद खलील एक प्रमुख अनुहार थिए । ८ मार्चमा खलीललाई पक्राउ गरिएपछि उनको समर्थनमा न्यूयोर्क र वासिंगटन डिसीमा विरोध प्रदर्शनहरू भएका थिए । यता अमेरिकी प्रशासनले खलीलको सक्रियता अमेरिकाको विदेश नीतिविरुद्ध भएको र त्यसैले उनलाई देशबाट निष्कासन गर्ने प्रक्रिया सुरु गरिएको बताएको छ ।

# गाजा हमलामा अमेरिकी सिनेटरको आक्रोश

■ एजेन्सी

**वासिंगटन ।** गाजा क्षेत्रमा इजरायलले लगातार आक्रमण गरेपछि यसले अमेरिकालाई रुष्ट बनाएको छ । अमेरिकी सिनेटर एलिजाबेथ वारेनले सामाजिक सञ्जालमा इजरायली आक्रमको विरोध गर्दै आक्रोश व्यक्त गरेकी छन् । 'इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सोचका होलान्, उनले इरानमा बम प्रहार गरिरहेको समयमा गाजामा के गरिरहेका छन्, भन्ने कसैले याद गरेको छैन', उनले एक्समा लेखिन् ।

गाजामा अहिले ५५ हजार मारिएको, भोकमरीको समस्यामा परेको, राहत वितरण गर्न गएको तथा चिकित्सकहरू सीमाबाट फर्काइएका लगायत कुरा उनले इंगित गरेकी छन् । 'संसारले तिमीलाई हेरेको हुनसक्छ, बेन्जामिन नेतान्याहु' उनले लेखिन् । पेसाले कानुन व्यवसायी वारेन अमेरिकाको सिनियर सिनिटेर हुन् ।

## मन्त्रालयगत छलफलमा...

रास्वपाका प्रवक्ता मनिष झाले प्रतिपक्षी दलका सांसदले विनियोजन विधेयकमा धारणा राख्दा वेलअगाडि उभिएको र सत्तापक्षका सांसद बोल्न थालेपछि आफूहरू बैठकबाट बाहिरिएको बताए । 'सत्तापक्ष सांसद बोल्न थालेपछि बैठकबाट बाहिरिएका हौँ, प्रतिपक्ष बोल्ने बेला फेरि भित्र गयौँ,' उनले भने । बैठकमा कांग्रेस सांसद प्रकाशशरण महतले बोल्न थाल्नेबित्तिकै उनीहरू बैठक बहिष्कार गरेर बाहिरिएका थिए । महतले आफू बोल्न लाग्दा रास्वपा बाहिरिएकोप्रति कटाक्ष गर्दै भने, 'लगातार उभिन गाह्रो हुन्छ ।' एमाले सांसद योगेश भट्टराईले भने रास्वपा र राप्रपाले बजेटमाथिको छलफलमा भाग नलिएकामा दुःख लागेको बताए । उनले राप्रपा र रास्वपा सांसदहरूलाई संसद्प्रति विश्वास छ कि छैन ? भनी प्रश्नसमेत गरे ।

भिजिट भिसा प्रकरणमा छानबिन र अध्ययन गर्न २ बुँदे सहमति कार्यान्वयन गर्न उनले गृहमन्त्रीलाई आग्रह गरे । उनले संसद्मा रास्वपाले कालो कपडा लगाएर आएर प्रधानमन्त्रीको अपमान गर्न खोजेको आरोपसमेत लगाए । भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्रीमाथि छानबिनको माग गर्दै रास्वपा सांसदहरूले जेठ १३ गतेदेखि संसद् अवरोध गर्दै आएका छन् ।

## राजनीतिमै विकल्पको...

यद्यपि, दोस्रो पटक सरकारमा जाँदा लामिछानेले नक्कली भुटानी शरणार्थी प्रकरणमा भने राम्रो काम गरेका थिए । निर्वाचनपछि संसदीय राजनीतिको जोडघटाउमा रुमल्लिएको रास्वपाले त्यसपछि पनि पार्टीको संगठनात्मक गतिविधिलाई खासै अघि बढाउन सकेन ।

### रविमाथिको विवाद र जेल यात्रा

सभापति रवि लामिछाने गृहमन्त्री भएकै बेलादेखि तत्कालीन प्रमुख प्रतिपक्षी कांग्रसले सहकारी ठगीमा संलग्न रहेको आरोप लगायो । संसदीय छानबिनको माग राखेर महिनौँसम्म संसद् बैठक अवरोध गऱ्यो । त्यसपछि बनेको संसदीय समितिले सहकारीको रकम ग्यालेक्सी टिभीमा ल्याउन लामिछानेको संलग्नता नभए पनि सो रकम भनै उनकै तजबिजीमा खर्च भएको प्रतिवेदन दियो ।

यता, प्रहरीमा लामिछानेविरुद्ध सहकारी ठगी मुद्दा परिसकेको थियो । २ कात्तिक, २०८१ मा कास्की प्रहरीले उनलाई पक्राउ गऱ्यो । ७ पुसमा कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणमा मुद्दा दर्ता गरियो । उनको सांसद पद निलम्बन भयो । २५ पुस, २०८१ मा उनी ६५ लाख धरौटी रकम बुझाएर रिहा भए । पोखरासँगै बुटवलको सुप्रिम, वीरगन्जको सानो पाइला, चितवनको सहारा र काठमाडौँको स्वर्णलक्ष्मी सहकारी संस्थाको रकम अपचलनमा पनि उनीविरुद्ध परेको उजुरीमा वीरगन्जबाहेक सबै ठाउँबाट धरौटी बुझाउँदै छुटे । तर, २३ चैत, २०८१ मा उच्च अदालत तुलसीपुरको बुटवल इजलासले उनलाई सुप्रिम सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेपछि २५ चैतमा भैरहवा कारागार चलान भए । त्यसयता उनी कारागारमै कैदी जीवन व्यतित गरिरहेका छन् ।

### रास्वपामा अलमल, रविकै निर्देशनमा पार्टी चलाइँदै

उनी कारागार चलान भएसँगै पार्टी गतिविधि लगभग अलपत्र छ । उपसभापति डोलप्रसाद अर्यालले कार्यवाहक पाए पनि पार्टीमा रविकै निर्देशन चल्ने गरेको छ । संसदीय दलको नयाँ नेता पनि चयन गरिएको छैन । यसर्थ औपचारिक रुपमा संसदको नेतृत्व गर्ने नेताको अभाव छ । पार्टीभित्र एउटा पक्ष रास्वपा भनेकै रवि हो र रवि भनेकै रास्वपा हो भन्नेहरू छन् । अर्कोतर्फ रवि बाहेकको रास्वपा पनि अघि बढ्न सक्छ भन्नेहरू छन् ।

पार्टीको बैठक, एजेन्डादेखि संसदीय मोर्चामा खेलिने भूमिकासम्म सभापति लामिछानेको निर्देशन अनुरुप हुने गरेको रास्वपाकै नेताहरुले बताउने गरेका छन् । पार्टीको गतिविधि स्वःस्फूर्त रुपमा गर्न रास्वपामा अलमल देखिएको छ ।

### रविको क्रेजले जन्मिएको पार्टी, ३ वर्षसम्म उनकै प्रतीरक्षामा सीमित

रास्वपा ३ वर्षसम्म केवल पार्टी सभापतिको प्रतिरक्षामा मात्रै सीमित भएको छ । पार्टी गतिविधि शून्यप्रायः छ । सभापति लामिछानेउपर राजनीतिक प्रतिशोध साँधिएको भन्दै पार्टी पूर्ण रुपमा आन्दोलनमै छ । तेस्रो स्थापना दिवसको कार्यक्रममा उपसभापति स्वर्णिम वाग्लेले आन्दोलन जारी राख्ने बताए । शनिबारदेखि रास्वपाले सभापति लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको भन्दै हस्ताक्षर अभियान सुरु गरेको छ ।

२०८४ सालमा हुने आमनिर्वाचनमा आफूहरु निर्णायक शक्ति हुने सपना देखेको रास्वपाले त्यस अनुरुपको तयारी भने गर्न सकेको छैन । उपसभापति वाग्लेले लामिछानेले न्याय पाउन पार्टीलाई २०८४ मा बलियो बनाउनुपर्ने अपरिहार्य रहेको बताए । '२०८४ मा रास्वपा यो देशको मूलधारे राजनीतिको निर्णायक शक्ति नबनेसम्म यो आन्दोलन अब रोकिनेछैन,' उनले भने, 'रवि लामिछानेले न्याय पाउन पनि हामी राजनीतिक रूपले बलियो हुनुपर्ने अपरिहार्यता आएको छ ।'

### जेलबाटै रविको भावुक सन्देश

पार्टी स्थापना दिवसको अवसरमा सभापति लामिछानेले भैरहवा कारागारबाटै भावुक सन्देश पठाएका छन् । उनले आफूमाथि राज्य संयन्त्र पूर्वाग्रही ढंगले लागेर फसाइएको बताएका छन् । अझै पनि न्याय पाउने आशा भने नमारेको भन्दै उनले संविधान पुनर्लेखन, सबै उच्च पदस्थको सम्पत्ति छानबिन, २०४६ सालयताका सबै मन्त्रिपरिषद्का निर्णयको छानबिन, सबै संवैधानिक अंगहरूको पुनर्संरचना गर्नुपर्नेलगायत कुरा औँल्याएका छन् । त्यसका लागि सडक अथवा मतपत्रबाट शान्तिपूर्ण क्रान्तिका लागि तयार रहन पार्टी पंक्तिलाई अपिल गरेका छन् ।


**बरहथवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बरहथवा, सर्लाही
मधेश प्रदेश, नेपाल

**पोखरी, बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचना**

**सूचना संशोधन**

यस बरहथवा नगरपालिकाबाट प्रथम पटक मिति २०८२/०३/०५ गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित पोखरी, बजार तथा खोला ठेक्काको आन्तरिक आय बन्दोबस्त सम्बन्धी सूचनामा कं सं. १९।०८२।८३, ठेक्काको नाम **कटानी पोखरी**को न्यूनतम साकार रकम रू. ३,५१,०००।०० (अक्षरेपी रु तीन लाख एकाउन्न हजार मात्र) रहेको व्यहोरा यसै संशोधित सूचनाबाट जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**प्रिन्सटन एजुकेशन फाउण्डेशन प्रा.लि**
**वडा नं. ३१ शान्तिनगर, काठमाडौं**

**वार्षिक साधारणसभाको सूचना**

**यस प्रिन्सटन एजुकेशन फाउण्डेशन प्रा.लि.को निम्न मिति, समय र स्थान हुने वार्षिक साधारणसभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ । सम्पूर्ण शेयरधनीहरूलाई विभिन्न माध्यमबाट सूचना समेत गरी सकिएकोमा यदि उक्त सूचना प्राप्त गर्न नसक्नु भएका शेयरधनीहरूले यसै सूचनालाई आधिकारिक सूचना मानी निम्न बमोजिमको छलफल गरी निर्णय गरिने हुँदा वार्षिक साधारणसभामा उपस्थित हुन अनुरोध गरिन्छ ।**

**मिति : २०८२ साल अषाढ २३ गते सोमबार**
**समय : बिहान १०:०० बजे**
**स्थान : रोयल लाउन्ज बैंक्वेट एण्ड रेस्टुरेन्ट, तीनकुने, काठमाडौं**

**छलफलको विषयहरू:**

1) **कम्पनीको संचालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष ०७३/०७४, ०७४/०७५, ०७५/०७६, ०७६/०७७, ०७७/०७८, ०७८/०७९, ०७९/०८० र ०८०/०८१ को वार्षिक प्रतिवदेन उपर भिन्नभिन्न छलफल गरी पारित गर्ने सम्बन्धम ।**
2) **आ.व. ०७३/०७४, ०७४/०७५, ०७५/०७६, ०७६/०७७, ०७७/०७८, ०७८/०७९, ०७९/०८० र ०८०/०८१ को लेखापरीक्षण प्रतिवदेन वासलात, नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरू लगायतका वित्तीय विवरण माथि भिन्नभिन्न छलफल गरी पारित गर्ने सम्बन्धमा ।**
3) **आ.व. ०७३/०७४, ०७४/०७५, ०७५/०७६, ०७६/०७७, ०७७/०७८, ०७८/०७९, ०७९/०८० र ०८०/०८१ को लागि संचालक समितिको निर्णय अनुसार लेखापरीक्षक बि.बि.आर.बि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सको नियुक्ती र निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. ०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति सम्बन्धमा ।**
4) **अख्तियारी संचालक समितिलाई दिइने सम्बन्धमा ।**
5) **विविध ।**

**आज्ञाले**
**संचालक समिति**



**अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Aviyan Laghubitta Bittiya Sanstha Limited**
(नेपाल राष्ट्र बैकबाट "घ" बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था)
केन्द्रीय कार्यालय : पनौती नगरपालिका-४, काभ्रे, फोन नं.: ०११-४४१०२७/२८
E-mail : aviyanlaghu@gmail.com, Website : www.aviyanlaghubitta.com

**पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८२/०३/०८**

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) को मिति २०८२ साल असार ७ गतेको सञ्चालक समितिको ११०औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा देहायका विषयहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : २०८२ साल असार ३० गते सोमवार (तदनुसार १४, जुलाई २०२५)
समय : दिउँसो १२:३० बजे
स्थान : ताम्राकार पार्टी भेन्यु, पनौती न.पा. वडा नं. ४, काभ्रेपलाञ्चोक

**छलफल तथा निर्णयका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणसहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने,
(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,
(४) वित्तीय संस्थामा (संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना) सञ्चालक समितिको निर्वाचन गर्ने,
(५) विविध ।

**(ख) विशेष प्रस्तावहरु :**
(१) नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिने, अभिलेख गर्ने, प्रबन्धपत्र तथा नियमावलीमा कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सोसमेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने,
(२) यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका अन्य लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति (Merger/Acquisition) सम्बन्धी प्रकृया अगाडि बढाउन उपयुक्त देखिएमा सो प्रयोजनका लागि समिति गठन गर्ने, मूल्यांङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई प्रदान गर्ने,
(३) विविध ।

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी**

(१) पाँचौ वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२/०३/१६ गते सोमवार एक दिनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०३/१५ गते आइतवारसम्म कारोबार भई प्रचलित कानून बमोजिम नामसारीको लागि वित्तीय संस्थाको शेयर रजिष्ट्रार कुमारी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो साधारण सभामा भाग लिन योग्य हुनेछन् ।
(२) निर्वाचन सम्बन्धी कार्यक्रमहरु निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुने र निर्वाचन अधिकृतद्वारा निर्वाचन सम्बन्धी कार्यक्रमहरु सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७७ एवं प्रचलित कानूनबमोजिम वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पनौती नपा वडा नं. ४, ठाडोबाटो, काभ्रेपलाञ्चोकको सूचना पाटीमा टाँस गरिनेछ ।
(३) साधारण सभामा भाग लिन आँउदा शेयरधनीहरुले वार्षिक प्रतिवेदनका साथ संलग्न प्रवेशपत्र वा शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटोसहितको प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ ।
(४) वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ राखिने उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा स्थलमा बिहान ११:०० बजेदेखि खुल्ला रहनेछ ।
(५) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पनौती नगरपालिका, वडा नं. ०४, काभ्रेपलाञ्चोकमा दर्ता गराइ सक्नुपर्ने छ ।
(६) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
(७) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा मतदान गर्न अधिकार प्राप्त वित्तीय संस्थाको शेयरधनी बाहेक अन्य व्यक्तिलाई नियुक्त गर्न सकिने छैन । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेर पनि आफु स्वयं उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ ।
(८) नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछन् ।
(९) संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मतरुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारणसभामा भाग लिन पाइने छ ।
(१०) शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन् ।
(११) छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले साधारण सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखितरुपमा उपलब्ध गराउनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
(१२) साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेकका कुनै निषेधित सामाग्री लिएर आउन पाइने छैन ।

*द्रष्टव्य : यस वित्तीय संस्थाको वार्षिक साधारण सभा सम्बन्धी सूचना, प्रतिनिधि-पत्र (प्रोक्सी फारम), वार्षिक प्रतिवेदन, संक्षिप्त आर्थिक विवरणहरुलाई वित्तीय संस्थाको वेबसाइट www.aviyanlaghubitta.com मार्फत सम्बन्धित सबैलाई जानकारी गराइने व्यहोरा अनुरोध छ ।*



**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Dhangadhi, Kailali**

**Issuance of Letter of Intent to Award the Contract**

**Date of Publication: 2082/03/08**

As per Public Procurement Act 2063, Section 27, this is to notify to all bidders that, it is our intention to award the contract to following listed bidders, the notice of which was published on 2082-01-03 in Karobar Economic Daily Newspaper for execution of the work as specified below as corrected in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

| S.N. | Contract ID No. | Description of Works | Lowest Evaluated Bidder | Evaluated Bid Amount Including VAT (Nrs.) |
|---|---|---|---|---|
| 1 | 02/2081/082/WSP/ FWSSMP/Dhangadhi Kailali | Construction of Kolti Water Supply Project Package-I, Bajura | JSB-PNS-SNS JV, Kanchanpur | 6,03,31,500.48 |

**Project Chief**